हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १७५ पृष्ठ : ४ २०७७ माघ १३ गते मंगलबार (Tuesday 26 January 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

# गाँजा फडानीदेखि तस्करी रोक्दै प्रहरी

## २५ किलो गाँजासहित ३ पक्राउ

**बिनय यादव**

**सिरहा ।** गाँजा फसल लगाउनदेखि भित्र्याउनेबेलासम्म प्रहरीले सिरहामा बर्सेनि गाँजा फडानी अभियान नै चलाउने गर्छ । त्यत्तिमात्र होइन फडानी अभियानपछि पनि तस्करी रोक्न प्रहरी सक्रिय रहन्छ । तापनि सिरहाका विभिन्न नाका हुदै भारततर्फ गाँजा तस्करी रोकिएको छैन । गाँजा तस्करले उदयपुर क्षेत्रबाट बिक्रीका लागि सिरहाका विभिन्न नाका हुदै भारत तस्कर गर्ने क्रमलाई लुकिछिपी निरन्तरता दिंदै आएका छन् । कारण हो- 'भारत भित्र्याउन सिरहा नाका उनीहरूका लागि नजिक र उतम मानिन्छ ।'



प्रहरीले गाूजा पक्राउ गरिरहेकाले पनि तस्करी नरोकिएको पुष्टि हुन्छ । तस्करहरूले सिरहाको उतरवर्ती उदयपुरको चुरे क्षेत्रमा जोडिएको मिर्चैया क्षेत्र, विष्णुपुरकट्टी, मुक्सार हुदै गागन खोला, बलान खोला किनारलाई गाँजा तस्करीको उतम 'रूट' मा प्रयोग गरेको प्रहरीको भनाइ छ । त्यही रूट प्रहरीको विशेष नागरानीमा पर्छ ।

**२५ किलो गाँजासहित ३ पक्राउ**

सिरहाबाट प्रहरीले ठूलो परिमाणको गाँजासहित तीन जनालाई पक्राउ गरेको छ । मिर्चैया प्रहरीले २५ किलो अवैध लागूऔषध गाँजासहित तीन जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा सिरहाको मिर्चैया नगरपालिका-८ का १८ वर्षीय दिपेन्द्र राय, धनुषाको कमला नगरपालिका-८ का ३३ वर्षीय संजिव मण्डल र शम्भु यादव छन् । उनीहरूलाई मिर्चैया नगरपालिका-९ स्थित एक घरबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । स्थानीय रण बहादुर श्रेष्ठको घरभित्र ट्वाइलेटमा गाँजा लुकाएर राखी बिक्री वितरण गरिरहेको भन्ने विशेष सुराकीको आधारमा इलाका प्रहरी कार्यालय मिर्चैया

बाँकी ४ पेजमा

# बसको ठक्करले बालकको ज्यान गयो

**कर्जन्हा ।** सिरहाको कर्जन्हा नगरपालिका-२ मा बसको ठककरबाट एक बालकको मृत्यु भएको छ । कर्जन्हा नगरपालिका-२ बन्दिपुरमा पिभिएम बोर्डिङ्ग स्कुलको बसले ठक्कर दिंदा स्थानिय संजिप सुनामको छोरा साजन सुनामको किचिएर मृत्यु भएको स्थानिय लिल कुमार बोगटीले जानकारी दिए । इलाका प्रहरी कार्यालय मिर्चैयाका अनुसार मृतक साजनको शव पोष्टमार्टमको लागि लहानमा राखिएको र बस चालक इलाका प्रहरी कार्यालय मिर्चैयाको नियन्त्रणमा राखिएको छ । बस र बस चालकलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय मिर्चैया जनाएको छ ।

बालकलाई ठक्कर दिने बस र विद्यालय कर्जन्हा नगरपालिका वडा नं. २ का वडाध्यक्ष गणेश अधिकारीको स्वामित्वमा रहेकोले घटनालाई गाउँमै मिलाउनका लागि आफूहरूलाई वडाध्यक्षले दबाब दिएको परिवारजनले गुनासो गरे ।

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट

यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller

हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोबाईल :- ९८०११५१४३८

बगैंचा सहितको जग्गा बिक्रीमा
लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, ७ फिट मोटाई भएको टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।
सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०



Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229



फ्रेन्डस मोडेल हस्पिटल, लहान-8
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## सामुदायिक विद्यालय सुधारमा जोड दिऔं

सिरहाको धनगढीमाई नगरपालिका-१२ सिमलटोकीस्थित हिमालय आधारभूत विद्यालय नगर, वडा र क्लबको निरन्तर सहयोगसँगै गुणस्तरीय पठनपाठन, भौतिक पूर्वाधार विकास र अतिरिक्त क्रियाकलापमा जोड दिएको छ । धनगढीमाई नगरको गडम्मे, कुशमाहा, डाँडा, सिमलटोकी, डुड्डुङे तथा लहान नगरको रनहा, खेस्राहा लगायतका गाउँका बिपन्न समुदायका विद्यार्थीहरु पढ्ने उक्त विद्यालयमा विद्यालय नमूना बनाउने गरी कक्षा ६ देखिमाथि कम्प्युटर अध्यापन अनिवार्य गरिएको छ । संघीय संरचना अन्तर्गत स्थानीय मातहत रहेको सामुदायिक विद्यालयहरु प्रायः लथालिङ्ग व्यवस्थापन, भताभुङ्ग भौतिक पूर्वाधार र पठनपाठन अनियमित हुने आमधारणा रहने भएपनि विद्यालयलाई नमूना बनाउन नगरपालिका, वडा कार्यालय, विद्यालय प्रशासन, व्यवस्थापन समिति र सामाजिक संघ संस्थाले सहकार्य गरिरहेका छन् । जसका कारण सुधारको संकेत देखिएको छ ।

विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न सामुदायिक विद्यालयलाई सबल बनाउनुको कुनै बिकल्पै छैन् । विद्यालय शिक्षामा न्यून लगानी, शिक्षक अभाव र शिक्षा क्षेत्रमा भएको राजनीतीकरण आदि कारणले सामुदायिक विद्यालय धराशयी हुँदै गएको अवस्था साँचो हो । तर सामुदायिक विद्यालय अचानक धराशयी भएका भने पक्कै पनि होइनन् । यो त लामो समयसम्म राज्यले सामुदायिक विद्यालयमा गरेको बेवास्ताको परिणति हो । राज्यका नियमन निकायहरूले जिम्मेवारी निर्वाह गर्न नसक्दा यस्तो स्थिति आएको हो । यदि सामुदायिक विद्यालय जोगाउने हो भने शिक्षण पेसालाई आकर्षक र मर्यादित बनाउँदै गुणस्तरीय शिक्षक उत्पादनमा ध्यान दिनुपर्छ । जग बलियो भए मात्र घर बलियो हुन्छ । सिकाइका दृष्टिकोणले सबैभन्दा महत्व दिनुपर्ने प्राथमिक तथा आधारभूत तहका विद्यार्थीलाई भने नेपालको शिक्षा प्रणालीले सबैभन्दा धेरै उपेक्षा गरिरहेका छ । त्यसैले यस तहका कक्षामा बालबालिकालाई राम्रोसँग सिकाउन सकिएन भने माथिल्ला कक्षामा उनीहरूले राम्रो गर्ने सम्भावना न्यून हुन्छ । तर अधिकांश सामुदायिक विद्यालयले तल्ला कक्षामा पढ्ने बालबालिकाको सिकाइ प्रक्रियामा पर्याप्त ध्यान दिएको देखिँदैन । समस्या यहि छ । त्यसैले अबको मुख्य सुधारको फोकस प्राथमिक तह नै हुनुपर्छ। र, नीति निर्माण तह देखि कार्यान्वन तहसम्म प्राथमिक तहलाई शिक्षा सुधारको केन्द्र बनाउनुपर्छ ।

सामुदायिक विद्यालयको गुणस्तर उकास्नका लागि अझ प्रभावकारी आधुनिक र ब्यवहारिक पाठ्यक्रम निर्माण गर्नैपर्छ । बालकको इच्छा, चाहना र आवश्यकता अनुसारको फरक फरक पाठ्यक्रम निर्माण गर्नुपर्छ ।अहिलेको जस्तो होलसेल पद्धति र आयातित पाठ्यक्रम लाई त्यागेर स्थानीय आवश्यकतालाई हेरेर बिश्व परिबेसलाई पनि जोड्दै पाठ्यक्रम बनाउनुपर्छ । जुन चानचुने कुरा होइन । स्थानीय ज्ञान ,संस्कार र सस्कृतिलाई विज्ञान र प्रबिधिसगँ जोडेर पाठ्यक्रम बनाउनुपर्छ । इमान्दार, कर्तव्यनिष्ट, विशुद्ध आचरण भएको दक्ष जनशक्ति निर्माण गर्ने पाठ्यक्रमको मुल मर्म हुनुपर्छ ।

विद्यमान शिक्षा प्रणालीलाई समय सापेक्ष बनाउँदै नैतिक चरित्र भएका सँस्कारिक एवं पेशागत सीप भएका नागरिक उत्पादन गर्न देशको शिक्षा निति, ऐन, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि र पद्धति, परीक्षा प्रणाली, मूल्यांकन पद्धति,बालबालिका प्रति गरिने ब्यवहार लगायतका क्षेत्रमा संशोधन, परिमार्जन एवं परिवर्तन गर्न आवश्यक छ । हुन् त अहिलेको सुधारको मुख्य प्रस्थान बिन्दु भनेको इमानदारीताको हो । जो खडेरी परेको छ।जसरी नी त्यहीँ गुण आत्मासाथ गर्नु जरुरी छ । यो बिना अवस्था सुधार हुँनै सक्दैन् ।
शिक्षक, विद्यार्थी, प्र.अ. व्यवस्थापन समिति, अभिभावक र सरोकारवाला ब्यक्ति तथा निकायहरू सबै थप जिम्मेवार ,इमान्दार र असल भएर आफ्नो काम, कर्तव्य र अधिकारको सहि र विवेकपूर्ण ढ्ङले पूरा गर्न डटेर लागि पर्ने हो भने सामुदायिक विद्यालयको अवस्थामा अपेक्षित सुधार हुने कुरा निश्चित छ । यसतर्फ सोच्न जरुरी छ ।

# जुठो थालमा खाएपछि कुल्ला गर्नुको के अर्थ ?

ध्रुव लम्साल

अहिले मुलुकमा एक खालको रमिता छ । संविधानको मर्म विपरित प्रतिनिधिसभा विघटन गरेका प्रधानमन्त्री केपी शर्मा ओली आफूले इतिहासमै 'महान काम' गरेको व्याख्या गरिरहेका छन् । दिन दिनैजसो हुने सभाहरूमा फरक-फरक अर्तिउपदेश दिन्छन् । कहिले सरकारको विरोध गर्ने पत्रकारहरू नर्क जाने ठोकुवा गर्छन् त कहिले 'बाजे' हरूले अदालतमा तमासा देखाएको टिप्पणी गर्छन् ।

पत्रकारिताको भाषा र सिद्धान्तबारे व्याख्यामा व्यस्त प्रधानमन्त्री अचेल रेल, पानी जहाज, घर घरमा ग्यासका कुरा गर्दैनन् । ग्यास उहिल्यै आको, रेल जनकपुर छेउछाउमा घुम्टो ओढेर बसेको छ । पिच सडक कति हो कति । कुरा सुन्दा लाग्छ यसैगरी सडक बन्दै गयो भने अब गाईवस्तु लिएर गोठालो जानेहरूका गल्लीमा हिंड्ने दिन गए, पिचरोडमा हिंड्छन् ट्याक्क ट्याक्क ।

प्रधानमन्त्री ओलीका कतिपय सन्दर्भमा गरिएका टिप्पणी सुन्दा लाग्छ । उनी अहिले आहालमा बसेर आहालको पानी कुवाको जस्तै शुद्ध छ भनिरहेका छन् र उनका अनुयायीहरू 'सही हो सही हो भन्दै' थप्पडी मारिरहेका छन् ।

कांग्रेसका लागि दुवै अवसर जिवित छ । माझेको थालमा भात खाएर हात चुठछ कि जुठै थालमा भात खाएर कुल्ला गर्छ र आफु चोखै भएको दाबी गर्छ हेर्न बाँकी छ । ओलीकै सहकर्मी पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल, झलनाथ खनाल, डा. बाबुराम भट्टराईलगायतका नेताहरू सडकमा छन् । दिन दिनैजसो हुने सभा जुलुसले काठमाडौंको सडक अस्तव्यस्त हुँदा कामका लागि हिंड्नेहरू समयमा गन्तब्यमा पुग्न नपाउँदा रूष्ट छन् । जुलुस गरेर सडक अबरूद्ध गर्नेहरूलाई धारे हात लाउँदै सराप्छन् । तिनका असन्तुष्टि सडकभन्दा पर पुग्दैन किनकी तिनका हातमा माइक छैन ।

सर्वोच्च अदालतमा प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले गरेको प्रतिनिधि सभा विघटन ठीक कि बेठीक भन्नेमा बहस सुरू भएको छ । अदालतमा पनि दुई पक्षमा मान्छे छन् । ओली पक्षका मान्छेहरू गैरसंवैधानिक कदम 'ठिकै हो' भनिरहेका छन् भने दाहाल नेपाल समुहका मान्छे 'नहुने कर्म' भन्दैछन् ।

कम्युनिस्ट पार्टीले देखाएको तमासामा साक्षी बसेको प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस आकस्मिक रूपमा दुबै हातमा लड्डु परेकोमा मख्ख । तीन वर्ष अघि भएको प्रतिनिधिसभा निर्वाचनमा भाषण गर्ने क्रममा पार्टी सभापति शेरबहादुर देउवाले सबैभन्दा बढी प्रयोग वाक्य थियो 'कम्युनिष्टले जिते भने रून पनि पाइन्न् ।' कम्युनिस्टले दुई तिहाई नजिक मत ल्याएर सरकार बनेपछि कतिले चाहेर पनि रून पाएनन् हिसाव देउवा नै जानुन् तर, कम्युनिस्ट पार्टी विभाजनले सबै भन्दा हर्षित देउवालाई नै बनाएको छ । गाउँले भाषामा भन्ने हो भने यो विभाजनले उनको हड्डी हाँसेको छ ।

नेकपा दुई समूहमा विभाजन भएपछि तत्काल फाइदा हुने नेपाली कांग्रेसलाई नै हो । अन्य भरपर्दा राजनीतिक दल स्थापना नभएकाले अझै केही वर्ष पहाडी क्षेत्रमा नेकपा भर्सेज कांग्रेसकै चुनाव हुने हो । त्यसकारण पनि देउवा ढुक्क छन् फेरी प्रधानमन्त्रीको कुर्सीमा बस्न पाइन्छ भन्नेमा ।स्थापनाकालदेखि नै कांग्रेसले आफूलाई प्रजातन्त्रको हिमायती दाबी गर्दै आएको छ । ००७ साल, ०४६ र ०६२ र ०६३ मा आफ्नै नेतृत्वमा जनआन्दोलन भएको र सफल भएको प्रसंग कांग्रेसका नेताहरू गर्वका साथ सुनाउँछन् ।

कांग्रेस कमजोर हुनेवित्तिकै प्रजातन्त्र कमजोर हुन्छ भन्दै आएको कांग्रेस प्रतिनिधिसभा विघटन प्रकरणमा भने दोधारमा अल्झियो । जनताद्वारा लेखिएको संविधान विपरित प्रधानमन्त्री ओलीले चालेको कदमको सभापति देउवाले प्रतिकार गर्न सकेनन् । कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेल, पवक्ता विश्वप्रकाश शर्मा, युवा नेता गगन थापालगायतले प्रधानमन्त्रीको असंवैधानिक कदमको कांग्रेसले सशक्त विरोध गर्नुपर्ने भनिरहँदा सभापति देउवाले भने अदालतको विषयमा बोल्न हुँदैन भन्दै आफ्ना कार्यकर्तालाई सम्झाई बुझाई गर्नमा व्यस्त छन् ।

कांग्रेस कमजोर हुनेबित्तिकै प्रजातन्त्र कमजोर हुन्छ भन्दै आएको कांग्रेस प्रतिनिधिसभा विघटन प्रकरणमा भने दोधारमा अल्झियो । जनताद्वारा लेखिएको संविधान विपरित प्रधानमन्त्री ओलीले चालेको कदमको सभापति देउवाले प्रतिकार गर्न सकेनन् ।

नेकपा विभाजनको असर स्वरुप प्रदेश १ र बागमती प्रदेशमा मुख्यमन्त्रीबिरूद्ध अविश्वासको प्रस्ताव दर्ता भएकाले प्रदेशमा पनि कांग्रेसको भूमिका महत्वपूर्ण हुने भएको छ । दुवै प्रदेशमा कांग्रेसको भोट निर्णायक हुने भएपछि देउवाले अभिव्यक्ति दिइसके 'जसले मुख्यमन्त्री दिन्छ, उसैलाई भोट ।'

निश्चित छ नेकपा ओली समूहले कांग्रेसको सहयोगबिना दुईवटा प्रदेशमा मुख्यमन्त्री टिकाउन सक्दैन भाग पाउने कांग्रेसले नै हो । प्रजातन्त्र, विधि र सुशासनको नारा लगाउने कांग्रेसले कुन माध्यमबाट मुख्यमन्त्री लिन्छ भन्ने मात्रै हो ।

तर्कजस्तो सुकै गरिए पनि सारमा भन्नु पर्दा प्रतिनिधिसभा विघटन संविधानको मर्मविपरित लहडमा चालिएको कदम हो र यदि प्रधानमन्त्रीले चालेको अहिलेको कदमलाई स्वीकार गर्ने हो भने आउँदो दिनमा कुनै पनि प्रधानमन्त्रीले झ्वाँक चलेको दिन प्रतिनिधिसभा विघटन गरिदिन सक्छन् । यसलाई सदर नगर्ने हो भने फेरि हुने प्रधानमन्त्रीले कुनै पनि कदम चाल्नु अघि संविधान विपरित हुन्छ कि हुन्न भनेर अध्ययन गर्ने संस्कारको विकास पनि हुन्छ ।

केही दिन लाग्ला नेकपाको फूट निश्चित छ । नेकपा फुटेपछि प्रत्यक्ष फाइदा हुने कांग्रेसलाई नै हो, विवेकशील साझा, राप्रपालगायतका पार्टीप्रति तत्काल जनउभार आउने सम्भावना देखिन्न । सत्ताको भ(याङ चढ्न ठिक्क परेको कांग्रेस के गर्छ । प्रतिनिधिसभा विघटन ठिक हो भन्दै सत्तामा जानु भनेको जुठो थालमा भात खाएर चोखिनका लागि कुल्ला गरे जस्तै हो । अब मात्रै हेर्न बाँकी छ । कांग्रेसले जुठो थालमा भात खाएर बार्दलीमा बसेर कुल्ला गर्छ कि । माझेको थालमा भात खान्छ ? कांग्रेसका लागि दुवै अवसर जिवित छ । माझेको थालमा भात खाएर हात चुठछ कि जुठै थालमा भात खाएर कुल्ला गर्छ गरेर आफु चोखै भएको दाबी गर्छ ।*साभार : राजधानी डेली अनलाइनबाट*

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर
नि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट
LAHANPOST DAILY

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- घरमा अतिथीको आगमन हुनेछ । श्रमको उचित मुल्यांकन हुनेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । सागीतिक क्षेत्रमा रूची बढ्नेछ ।

**वृष** :- विशिष्ट व्यक्तिको सहयोग मिल्ला । पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भईएला । बौद्धिक विकास हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

**मिथुन**:- आज धर्म,कर्म तथा समाज सेवामा मन लाग्नेछ । रमणीय र सुखद् यात्राको योग छ । कला,साहित्यमा रुचि बढ्नेछ । मंगल कार्यको योग छ ।

**कर्कट** :- आज आफ्नो दैनिकी काममा ढीलासुस्ती हुनेछ । नजिकैका व्यक्तिसंग असमझदारी बढ्न सक्छ, तर साँझमा आर्थिक लाभ भने मिल्नेछ ।

**सिंह**:- आज आफन्त तथा साथीभईसंग भेटघाट हुने र मन प्रसन्न रहने समय रहेको छ । आर्थिक तथा शेयर बाजारबाट पनि राम्रै लाभ लिन सकिन्छ ।

**कन्या** :- आज कार्य सम्पादनमा सहजता मिल्नेछ । विश्वास गरेकाले साथ दिनेछन् । व्यापार व्यबसायबाट आम्दानी हुनेछ । उपहार पाइने सम्भावनाछ ।

**तुला** :- आज घरमा अतिथीको आगमन हुनेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । मुद्धा मामिलामा विजयी प्राप्त हुनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**वृश्चिक** :-बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पार्न सक्छ । राजनैतिक कार्यमा बाधा आउनेछ । अनावश्यक धन खर्च भई मानसिक चिन्ता बढ्नेछ ।

**धनु** :- बन्धु-बान्धवबाट सहयोग मिल्नेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । विद्या र बुद्धिको विकास हुनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ ।

**मकर**:- नयाँ कार्यको योजना बन्नेछ । प्रतिष्ठित काम गरेर अवसर हात पार्ने समय छ । वाक्चतुर्याईँले संकल्प सिद्ध हुनेछ । आफन्तले सहयोग गर्नेछन् ।

**कुम्भ**:- धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । रमाइलो यात्रा पनि रहला ।

**मिन** :- कला, साहित्य एवं संगीतमा रूचि बढ्नेछ । अरूलाई प्रभावित पारेर काम बन्नेछ । नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ । दैनिक कार्यमा प्रगती हुनेछ ।

# मिर्चैया ट्राफिकले दुई महिनामै असुल्यो साढे १२ लाख राजस्व

**बिनय यादव**



मिर्चैया । मिर्चैयास्थित ट्राफिक प्रहरीले सवारी चेकजाँचका क्रममा पछिल्लो दुई महिनामा मात्रै साढे १२ लाख रुपैयाँ भन्दा बढी राजस्व असुली गरेको छ ।

चालु आर्थिक वर्षको मंसिर ८ गतेदेखि हालसम्म (दुई महिना ४ दिन) मा मात्रै १२ लाख ५५ हजार राजस्व असुली गरेको हो । सवारी चेकजाँच गर्दा ट्राफिक नियम पालना नगर्ने ठूला तथा साना गरी २१ सय ५० सवारीलाई कारबाही गरी सो रकम संकलन गरिएको मिर्चैया ट्राफिक प्रहरीले जनाएको छ ।

कारबाहीमा पर्नेमा मापसे गरी सवारी चलाउने, ओभरलोड बोक्ने, सीट बेल्ट तथा हेल्मेट नलगाउने, बिलबुक र रोड परमिट नबोक्ने, लाइसेन्स नभएको, प्रयोजन विपरित चलेको, सीट क्षमता भन्दा बढी यात्रु बोक्ने, अवस्था ठीक नभएको सवारी साधन लगायतका छन् । राजमार्गमा निगरानी बढाउँदा सडक दुर्घटनामा पनि कमि आएको मिर्चैयाका ट्राफिक असई तथा इन्चार्ज डम्बर दियालीले बताए ।

# बृहत् नागरिक आन्दोलनका तर्फबाट तेस्रो जनआन्दोलन घोषणा

प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको प्रतिगमनविरुद्ध संघर्षरत बृहत् नागरिक आन्दोलनले तेस्रो जनआन्दोलनको घोषणा गरेको छ । नागरिक आन्दोलनका क्रममा सोमबार बालुवाटार क्षेत्रमा भएको प्रहरी दमनको विरोध गर्दै बृहत् नागरिक आन्दोलनका तर्फबाट युग पाठकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ,' नागरिकले गरेको शालीन र शान्तिपूर्ण अभियानलाई प्रहरीले नै बलजफ्ती मुठभेडमा परिणत गरेको थियो ।

यसरी सरकारी रबैयाको बृहत् नागरिक आन्दोलन घोर भर्तसना गर्दछ । यसै विज्ञप्तिमार्फत सबै खाले राजनीतिक एवम् सांस्कृतिक प्रतिगमनविरुद्ध बृहत् नागरिक आन्दोलन तेस्रो जनआन्दोलन घोषणा गर्दछ ।' सोमबार भएको शान्तिपूर्ण प्रदर्शनका क्रममा प्रहरी दमनबाट दर्जनौ व्यक्ति घाइते भएको विज्ञप्तिमा जनाइएको छ । घाइतेमध्ये संघर्ष दाहाल, कुमार बर्तौला, सीएन थारू, स्वर्णिम दिनेश, रामनरेश यादव, रमेश भट्टराई लगायतको बागबजारस्थित काठमाडौ मोडेल, हेल्पिङ ह्यान्डस र ह्याम्स अस्पतालमा उपचार भइरहेको छ । यस्तै गम्भीर घाइते निर्गराज जैसी, जनक ढुंगाना, सुरज तामाङ, कुलदीप शर्मा, सुनिल श्रेष्ठ र गोविन्द भण्डारीको त्रिवि शिक्षण अस्पतालमा उपचार भइरहेको छ । शान्तिपूर्ण भेला र मार्चमा भएको प्रहरी दमनले केपी ओली नेतृत्वको हतास मनोदशा र दमनकारी चरित्र उजागर गरेको विज्ञप्तिमा उल्लेख छ ।

## वृहत् नागरिक आन्दोलन

### प्रेस विज्ञप्ति

माघ १२, २०७७

प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको प्रतिगमनविरुद्ध जारी वृहत् नागरिक आन्दोलनको क्रममा आज भएको शान्तिपूर्ण भेलामा सरकारले निर्मम दमन गरेको छ। भेलामा सहभागी नागरिकहरूमाथि प्रहरीले प्रहार गरेको लाठी र पानीको फोहोराबाट दर्जनौं नागरिकहरू घाइते भएका छन् । घाइतेमध्ये संघर्ष दाहाल, कुमार बर्तौला, सिएन थारु, स्वर्णिम दिनेश, राम नरेश यादव, प्राध्यापक रमेश भट्टराई लगायतको काठमान्डु मोडल अस्पताल, हेल्पीग ह्यान्ड्स र हिमाल हस्पिटलमा उपचार गरिएको छ। गम्भीर घाइते भएका निर्गराज जैसी, जनक ढुङ्गाना, सुरज तामाङ, कुलदिप शर्मा, सुनिल श्रेष्ठ र गोविन्द भण्डारी शिक्षण अस्पतालमा उपचाररत छन् । यो विज्ञप्ति तयार पार्दासम्म जैसीको होस आएको छैन ।

आन्दोलनका विभिन्न चरणमा भएका कार्यक्रमलाई निरन्तरता दिने क्रममा आज कमलपोखरीबाट मार्च पास गर्दै प्रधानमन्त्री निवास, बालुवाटार पुग्ने र कोणसभा आयोजना गर्ने पूर्वघोषित कार्यक्रम थियो । कमलपोखरीको प्राकृतिक संरचना र महत्त्व निमिट्यान्न हुने गरी कंक्रिटका संरचना बनाउने उपक्रमलाई समेत विरोध गर्दै प्रधानमन्त्रीलाई नागरिकको प्रतिरोधी आवाज सुनाउने उद्देश्यले सो मार्च पासको आयोजना गरिएको थियो । कमलपोखरीबाट माटोको टीका लगाएर नागरिकहरू बालुवाटारतर्फ मार्च गरेका थिए। प्रधानमन्त्री निवासबाट करीब पाँच सय मिटरवरै भाटभटेनी पीपलबोटमा प्रहरीले ब्यारिकेड राखेर नागरिक आन्दोलनकारीलाई रोकेको थियो । पीपलबोटमा आयोजना गरिएको कोणसभालाई डा गोविन्द केसी, खगेन्द्र सङ्ग्रौला, मोहना अन्सारी र नारायण वाग्लेले सम्बोधन गरेका थिए । प्रदीप देवानले गीत प्रस्तुत गरे भने प्रणिका कोयूले कविता वाचन गरेकी थिइन् । शिल्पी थिएटरले सडक नाटक तथा विमिन इन पोलिटिक्सले प्रदर्शन गरेको थियो । कोणसभापछि शान्तिपूर्ण रुपमा अघि बढेको जुलुसलाई प्रहरीले एक्कासी लाठी र पानीको फोहोरा प्रहार गर्‍यो ।

शान्तिपूर्ण भेला र मार्चमा भएको प्रहरी दमनले केपी शर्मा ओली नेतृत्वको हताश मनोदशा र दमनकारी चरित्र उजागर गरेको छ । निहत्था नागरिकहरूले शान्तिपूर्ण आन्दोलन गर्ने लोकतान्त्रिक हक उपयोग गर्दै विधि र पद्धति कायम गर्न माग गरेका थिए, ओली समेतको संलग्नतामा लेखिएको संविधानको मर्म सम्झाउने प्रयत्न गरेका थिए, र हरण गर्न खोजिएको लोकतन्त्रको संवर्द्धनका लागि शान्तिपूर्ण आह्वान गरेका थिए। नागरिकले गरेको शालीन र शान्तिपूर्ण अभियानलाई प्रहरीले नै बलजफ्ती मुठभेडमा परिणत गरेको थियो । यस सरकारी रवैयाको वृहत् नागरिक आन्दोलन घोर भर्त्सना गर्दछ । यसै विज्ञप्तिमार्फत् सबैखाले राजनीतिक एवम् साँस्कृतिक प्रतिगमनविरुद्ध वृहत् नागरिक आन्दोलन तेस्रो जनआन्दोलन घोषणा गर्दछ ।

धन्यवाद ।

वृहत् नागरिक आन्दोलनका तर्फबाट
युग पाठक

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान- | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८४०९६५ |


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# आठै जिल्लामा एक साथ कोरोना विरुद्धको खोप अभियान सुरु हुने

**जनकपुर ।** प्रदेश सरकारले कोरोना विरूद्धको खोप अभियान आठै जिल्लाबाट एक साथ सुरू गर्ने निर्णय गरेको छ ।

मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा सोमबार सम्पन्न प्रादेशिक कोरोना संकट व्यवस्थापन समितिको बैठकले माघ १४ गते आठ वटै जिल्लाको सदरमुकाम स्थित अस्पतालबाट कोरोना विरूद्धको खोप अभियान सुरू गर्ने निर्णय गरेको हो ।

खोप अभियानको शुभारम्भ मुख्यमन्त्री लालबाबु राउतले विरगंज स्थित नारायणी अस्पताल, आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र कुमार यादवले प्रादेशिक अस्पताल जनकपुरधाम र समाजिक विकास मन्त्री नवलकिशोर साहले गजेन्द्र नारायण सिंह अस्पताल राजविराजबाट गर्ने स्वास्थ्य निर्देशक विजय झाले जानकारी दिए ।

प्रदेश नं. २ मा खोप अभियान संचालनका लागि ३४ हजार भाइल प्राप्त भएको र सो भाइलहरू माघ १३ गते सम्म सबै जिल्ला स्थित स्टोरमा पुऱ्याइने निर्देशक झाले जानकारी दिए । पहिलो चरणमा कोरोना महामारी विरूद्ध अग्र मोर्चामा खटिरहेका स्वास्थ्यकर्मी, चिकित्सक, सुरक्षाकर्मी र सफाइकर्मीलाई खोप दिने योजना रहेको छ ।रासस

## गाँजा...

र सुरक्षा बेस क्याम्प मिर्चैयाबाट खटेको प्रहरीको संयुक्त टोलीले श्रेष्ठको घर खानतलासी गर्दा पलाष्टिकको बोरामा बाँधि राखिएको ३ पोका गाँजा बरामद भएको मिर्चैयाका डिएसपी राजेन्द्र श्रेष्ठले बताए ।काँचो झार भएको गाँजा २१ किलो र सुकेको झारबाट तयारी गाँजा ४ किलो गरी २५ किलो गाँजासहित किनबेच गर्ने तीन जनालाई पक्राउ गरिएको उनले बताए । उनीहरूको साथबाट स ६ प ३८६५ नम्बरको मोटरसाइकल पनि प्रहरीले नियन्त्रणमा लिएको छ । थप अनुसन्धान र कारबाहीका लागि उनीहरूलाई इलाका प्रहरी कार्यालय मिर्चैयामा राखिएको छ । घरमा गाँजा राखेर बिक्री वितरण गर्ने रण बहादुर भने फरार छन् । उनको खोजीकार्य भइरहेको डिएसपी श्रेष्ठले जानकारी दिए । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको सिरहा प्रहरीले जनाएको छ ।

**खेती गर्न छाड्दैनन किसान**

फसल भित्र्याएर बिक्री गर्ने समयमा यसवर्ष प्रहरीले सिरहाका उत्तरवर्ती चुरे लगायत विभिन्न स्थानमा गाूजा फडानी गऱ्यो । सिरहाको उत्तरवर्ती विष्णुपुरकट्टी, चन्द्रउदयपुर, बडहरामाल लगायत जिल्लाका अन्य स्थानबाट कृषकहरूले लगाएको गाँजा यसवर्ष प्रहरीले फडानी गरी नष्ट गरेको थियो ।

प्रहरीले बर्सेनि गाँजा फडानी गरी नष्ट गरेपनि कृषकहरूले भने यो खेती गर्न छाडेका छैनन् । कतिपयले सिरहामा व्यवसायिक रूपमै यसको खेती गर्दै आएका छन भने कतिपयले करेसाबारीमा मौसमी रूपमा घरखर्च जोहोकालागि यसको खेती गर्छन् ।

भारतीय बजारमा महंगो मूल्यमा बिक्री हुने, आम्दानी पनि मनग्गे हुने र खेती गर्नपनि कम झण्झटिलो हुने भएकाले लुकिछिपी भएपनि प्रतिबन्धित नशालु पदार्थ 'गाूजा' खेती गर्न बाध्य भएको यस खेतीमा संलग्न कृषकहरूको भनाइ छ ।

भदौं महिनामा व्याड तयार गरि रोपिने 'गाूजा' पुसको अन्तिम सातासम्म बिक्री गर्न तयारी हुन्छ । तयारी भएपछि व्यापारीहरू गाउँमै किन्न पुग्छन् । उत्पादित गाूजा अरू कृषि उपज जस्तो बिक्रीका लागि समस्या हुदैन, झण्झटिलो पनि हुदैन । सुख्खा र कम सिंचाई सुविधा भएको जग्गामा समेत गाँजा फस्टाउने भएकाले प्रहरीले बर्सेनि फडानी गरेपनि खेती गर्न छाडदैनन् । पुसमहिनासम्म उदयपुर र सिरहाको चुरे क्षेत्रमा किसानहरूले गाँजा बिक्रीका लागि तयारी गर्छन । गाँजा तस्करले भरियामार्फत माघ देखि चैतसम्ममा भारत निकासीलाई तिब्र बनाउँछन् ।

---

टेलिफोन नं. ०३३-६९२९२८ दर्ता नं. १२५४४०/०७१/०७२

## श्रमजिवी केयर हस्पिटल प्रा.लि.

**धनगढीमाई-११, सोनापुर,सिरहा**

### कर्मचारी आवश्यकता

यस अस्पतालका लागी निम्न कर्मचारीहरुको आवश्यक भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस अस्पतालमा आई सम्पर्क राख्नुहुन सुचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १. | MBBS, MS, अर्थोपेडीक | १ | काउन्सिल दर्ता भई दुई वर्ष अनुभव भएको |
| २. | MBBS, MS, जनरल सर्जन | १ | काउन्सिल दर्ता भई दुई वर्ष अनुभव भएको |
| ३. | MBBS | २ | काउन्सिल दर्ता भई दुई वर्ष अनुभव भएको |
| ४. | STAFF NURSE | २ | PCL NURSING उत्तीर्ण गरी दुई वर्ष अनुभव भएको । |
| ५. | ANM | ३ | ANM उत्तीर्ण गरी दुई वर्ष अनुभव भएको । |
| ६. | स्वयमसेविका धनगढीमाई न.पा.को प्रत्येक वडाबाट १ जना गरी | १४ | स्वास्थ्य सम्बन्धी अनुभव भएको तथा सुडेनी तालिम प्राप्त भएकोलाई विशेष प्राथमिकता । |

नोट :- तलव तथा अन्य सुविधा हस्पिटलको नियमानुसार हुने छ ।

**सम्पर्क**

**श्रमजिवी केयर अस्पताल प्रा.लि.**

धनगढीमाई -११, सोनापुर (सिरहा)

सम्पर्क नं. ९८५२८३१०३२/९८०१५००४८१, ९८४२८२८१९१/९८१८२२९०४७

---

## पकड़ियागढ बचत तथा ऋण सहकारी संस्था लि.

**लहान न.पा.-१८, अमही (सिरहा)**

**शाखा कार्यालय लहान -६, नयाँ बजार**

### कर्मचारी आवश्यकता

**प्रथम पटक प्रकाशित मिति २०७७।१०।०७ गते**

यस पकडियागढ बचत तथा ऋण सहकारी संस्था लि. लहान-१८, अमही (सिरहा) को लागि निम्न अनुसार कर्मचारी आवश्यक परेको हुँदा योग्य र इच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र, बायोडाटा र १ प्रति फोटो सहित ७ दिन भित्र आवेदन आव्हान गरिन्छ ।

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता | तलब/भत्ता |
|---|---|---|---|---|
| १. | बजार प्रतिनिधि | ५ | एस.एल.सी./ + २ पास/सो सरह | संस्थाको नियम अनुसार सेवा सुविधा प्रदान गरिने छ। |

**सम्पर्क :- ९८५२८३१९११, ९८०३८४९८५८, ९८४२८२४६५६**

---

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |
| | नरहा गाउँपालिका कार्यालय, सिरहा |




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)